# प्यूठान नगरपालिका

## प्यूठान नगर राजपत्र

**खण्ड ३ भाग २ संख्या ३७ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मितिः २०७६/९/२२**


## कृषि कार्यक्रम संचालन कार्यविधि २०७६

**प्रस्तावना:**

यस प्यूठान नगरपालिका प्यूठानका अधिकांश मानिसहरुको मूख्य पेशा कृषिमा आधारित भएर पनि कृषिमा यान्त्रिकरणको प्रयोग भने एक दम न्यून भएको पाईन्छ । तसर्थ कृषि पेशालाई आधुनिकिकरण गरी व्यवसायिक एवं प्रतिस्पर्धात्मक वनाउन कृषिमा यान्त्रिकरण गर्न आवश्यक देखि कृषि यान्त्रिकरण कार्यविधि- २०७६ लागु गरीएको छ ।

यस प्यूठान नगरपालिका अन्तरगतका ठुला व्यवसायि कृषकहरु देखि सिमान्तकृत कृषकहरुको उत्पादन लागतमा कमि ल्याउन तथा कृषि क्षेत्रमा महिलाहरुको कार्यवोझ कम गर्न उदेश्यले कृषिमा प्रयोग हुने विभिन्न यन्त्र उपकरणहरुमा अनुदान दिई उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयस्तरमा सुधार ल्याउनु यस कार्यविधिको मूख्य उदेश्य रहेको । यस प्यूठान नगरपालिका प्यूठानले जारी गरेको कृषि व्यवसाय प्रर्वद्धन ऐन २०७६ वमोजिम यो कार्यविधि तयार गरीएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. सक्षित नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ रहेको छ ।

ख) यो कार्यविधि प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट

स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेका यस कार्यविधिमा ।

क) "विभाग" भन्नाले कृषि विभाग सम्झनु पर्छ ।

ख) "मन्त्रालय" भन्नाले विषय वा प्रसंग अनुसार कृषि तथा पशुपक्षि विकास मन्त्रालय अथवा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संभ्कनु पर्दछ ।

ग) कार्यालय भन्नाले नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

घ) नगरपालिका भन्नाले प्यूठान नगरपालिका सम्झनु पर्छ ।

ङ) "नगर प्रमुख " भन्नाले प्यूठान नगरपालिकाका नगर प्रमुख सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्यूठान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

छ) "उत्पादक" भन्नाले कृषि जन्य वस्तु उत्पादन गर्ने कृषक वा कृषि कम्पनी वा कृषि फर्म वा कृषि तथा पशुपालन सहकारीलाइ सम्झनु पर्छ ।

ज) "एजेन्ट" भन्नाले कृषि तथा पशुपक्षी उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरुको कारोबार गर्ने दर्तावाल व्यक्ति सम्झनु पर्छ । सो शब्दले संगठित संस्थाका प्रतिनिधिहरुलाई समेत जनाउछ ।

झ) "कार्यपालिका" भन्नाले प्यूठान नगरकार्यपालिका सम्झनु पर्छ ।

ञ) "कृषक" भन्नाले यस कार्यविधि प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नो जग्गामा व्यावसायिक कृषि गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, पशु फर्म र कृषि सहकारी संस्था समेतलाई सम्झनु पर्छ ।

ट) "हाट बजार" भन्नाले कृषि उपजहरुको संकलन, वितरण तथा बिक्री वितरण गर्ने कृषि हाट बजार सम्झनु पर्छ ।

ठ) "कृषि वस्तु" भन्नाले कृषकले उत्पादन गरेको कृषि उपज संभ्कनुं पर्छ ।

ड) "कृषि व्यवसाय" भन्नाले देहायका व्यवसाय सम्झनु पर्छ ।

१. व्यावसायिक उद्देश्यले गरिने कृषि फर्म, कृषि जन्य उत्पादन र विक्रिवितरण,
२. कृषि जन्य वस्तुको प्रशोधन,
३. कृषि जन्य उपजको व्यापार,
४. कृषि जन्य उत्पादनका लागि प्रयोग हुने मल, विउ, विषादि, औजार आदी सम्झनु पर्छ ।





ढ) "खुद्रा बजार" भन्नाले खुद्रा विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि बमोजिम कार्यविधिले तोकेको वा तोकिए बमोजिम सम्झनुपर्छ।

त) "थोक बजार " भन्नाले उत्पादक वा विक्रताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने स्थल जहां के.जी. भन्दा बढी कृषि उपज खरिद विक्रि हुने थोक बजारलाई सम्झनु पर्छ ।

थ) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू खरिद बिक्री गर्ने व्यापारी,कृषक समुह, कृषिफर्म , सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाइ सम्झनु पर्छ ।

द) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

ध) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि उत्पादन वा फार्म सञ्चालन गरि कृषि जन्यवस्तुको व्यावशायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषिव्यवसाय प्रबर्द्धन गर्न दुई वा दुईभन्दा बढी पक्ष बीच भएको सम्झौता वा व्यवशायिक कृषिकरार सम्झनु पर्दछ ।

न) "वडा" भन्नाले प्यूठान नगरपालीकाका सबै वडा सम्झनुपर्छ ।

प) ......समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएका कृषिबजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

फ) "सभा" भन्नाले प्यूठान नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

ब) "संकलन केन्द्र" भन्नाले कृषकहरूले बजारमा विक्री गर्ने उद्देश्यले उत्पादित वस्तु बिक्री गर्ने ठाउँ सम्झनु पर्छ ।

भ) "समुह" भन्नाले १० वा सो भन्दा बढि कृषकहरु संगठित भई साविक जि.कृ.वि.का. वा. जि.प.से.का. वा पशु सेवा शाखा वा कृषि शाखामा दर्ता भएको समुहलाई सम्झनु पर्छ ।

म) "निजि फार्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै निकायमा दर्ता भएको फार्म सम्झनु पर्छ ।

य) "शाखा" भन्नाले कृषि शाखा सम्झनु पर्छ ।

र) "सेट" भन्नाले औजार उपकरणमा दुई वा दुई भन्दा बढि भएको यन्त्र उपकरणहरु सम्झिनु पर्दछ ।

व) "उपभोक्ता" भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक कृषक वा कृषि व्यवसाय गर्ने उदेश्य लिई प्रचलित कानुन वमोजिम स्थापना भएको संस्थालाई सम्झनु पर्दछ ।

श) "कृषि यन्त्र उपकरण " भन्नाले यस कार्यविधिको अनुसूचि -१ मा उल्लेख भएका यन्त्रउपकरणहरु सम्झिनु पर्दछ ।

ष) "समिति" भन्नाले प्यूठान नग/पालिका स्थानिय कृषि व्यवसाय प्रवर्द्धन समितिलाई संम्झिनु पर्दछ ।

स) "समुह,सहकारी" भन्नाले विधिवत रुपमा दर्ता भएका समुह सहकारीहरुलाई सम्झुन पर्दछ ।

## परिच्छेद- २

३. यस कार्यविधिका उदेश्यहरु निम्न वमोजिमहरु छन् ।

३.१ खाद्यान्न, तरकारी तथा फलफुल उत्पादनमा सहयोग पुराउन ।

३.२ प्रति एकाई उत्पादकत्व वृद्धि गर्न तथा उत्पादन लागत घटाउन ।

३.३ युवा जनशक्तिलाईकृषिमा आकर्षित गराउन ।

३.४ कृषिलाई आधुनिकिकरण व्यवसायिकरण एवं प्रतिस्पर्धात्मक वनाई खाद्य एवं पोषण सुरक्षाको साथै स्वरोजगारका अवसरहरु श्रृजना गर्न ।

३.५ घरयासी कार्यहरुमा महिलाहरुको कार्यबोझ कम गर्न ।

## परिच्छेद- ३

### कार्यक्रम संचालन

४ छनौटका आधारहरु देहाय वमोजिम हुने छन ।

अ) कृषि यान्त्रिकरण सम्वन्धि ज्ञान सिप तथा उत्साहित कृषकहरु ।

आ) खाद्यान्न,तरकारी तथा फलफुल उत्पादन गर्ने कृषकहरु ।

इ) व्यवसायिक कृषकको हकमा व्यक्तिगत फर्म र सिमान्तकृत कृषकहरुका लागि समुह तथा सहकारी मार्फत संचालन गरिने ।

ई) फर्मको रुपमा व्यवसाय संचालन गर्नेहरुलाई प्रोत्साहित गरीने ।

क) निवेदन माग गर्ने सूचना

यस प्यूठान नगरपापलिका बाटयस कार्यविधि वमोजिम कृषि औजार उपकरणहरु लिन चाहने कृषक, उपभोक्ता, समुह, सहकारीहरुका लागि निवेदन माग सम्वन्धि प्रवाह गरीने छ ।

ख) आवेदन

अ) अनुदानमा उपकरण लिन चाहाना गर्ने कृषक, समुह,सहकारी र उपभोक्ताहरुले प्यूठान नग/पालिका कृषि शाखावाट उपलब्ध गराईएको अनुसूचि -२ वमोजिमको ढाचाको निवेदन ।

प्यूठान नगरपालिका





आ) अनुसूचि-३ अनुसारको अनुदान लिने उपकरणको विस्तृत विवरण ।

इ) सम्वन्धित वडा कार्यालयको सिफारिसमा पत्र ।

ई) नागरिकताको प्रतिलिपी ।

उ) खेति गरीने जग्गाको लालपूर्जाको छायाँ कपी तथा जग्गा भाडाँमा लिने भए कम्तिमा ५ वर्ष सम्मका लागि सक्कलै प्रति भाडा लिएको सम्वन्धि कागजात ।

५ अनुदान प्रवाह विधि

अनुदान प्रवाह देहाय वमोजिम हुने छ ।

क) स्थानिय कृषि व्यवसाय प्रवर्द्धन समितिबाट छनौट भएका स्किमहरुलाई प्राथमिकताको आधारमा अनुदान प्रवाह गरीने छ ।

ख) प्यूठान नगरपालिका कृषि औजार उपकरणमा दिईने अनुदानमा घटिमा १०,०००।- (दश हजार) देखि बढिमा ३,००,०००।-(तिन लाख) सम्मको अनुदान प्रवाह गर्न सकिने छ यसरी अनुदान रकम प्रवाह गर्दा सोहि र कम वरावरको रकम कृषक,समुह, सहकारी तथाउपभोक्तावाट पनि अग्रिम जम्मा गर्नु पर्ने छ ।

ग) अनुदान रकम तथा औजार उपकरण वितरण गर्दा सम्वन्धित सरोकार वाला र प्यूठान नगरपालिका विच सो उपकरणको खरिद,संचालन तथा मर्मत संभार सम्वन्धि अनुसुचि - ४ अनुसारको सम्झौता गरीने छ ।

घ) अनुदान रकम प्यूठान नग/पालिका अन्तरगत कृषि शाखा र सम्वन्धित वडा कार्यालयको सिफारिसमा भुक्तानी गरिने छ ।

६. अनुगमन तथा निरीक्षण

क) प्यूठान नगरपालिका कार्यापालिका सदस्यहरु विषयगत समिति तथा सम्वन्धित विषयगत शाखाहरुवाट अनुगमन गरीने छ ।

ख) अनुगमनको सिलसिलामा कार्यक्रम स्किम अनुसार संचालन नभएको पाईएमा प्यूठान नग/पालिका अनुदान रकम दिन वाध्य हुने छैन ।

ग) अनुदान प्राप्त उपभोक्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्तहरु पालना नगरेको पाईएमा अनुदान रकम दुरुपयोग गरेको पाईएमा चालु हालतमा रहेका कृषि यन्त्र उपकरणहरु फिर्ता लगिने छ चालु हालतमा नभएका उपकरणको हकमा हर्जना लिई प्यूठान नग/पालिका उक्त उपकरणहरु आवश्यकता अनुसार अन्यत्र उपलब्ध गराउन सक्ने छ ।

## परिच्छेद - ४

प्यूठान नगरपालिका

**७) कार्यविधिको परिमार्जन**

यस कार्यविधिको परिमार्जन तथा शंसोधन प्यूठान नगरपालिका ले गर्न सक्ने छ ।

**८) प्रचलित कानुन लागू हुने**

यस कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७६ को कार्यक्रम कार्यान्वयन सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोहि वमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि वमोजिम कार्यवाही हुने छ ।

**९) अन्तिम व्याख्या**

यस कार्यविधिको कार्यान्वयमा कुनै द्विबिधा भएमा यसको अन्तिम व्याख्या प्यूठान नगरपालिका गर्ने छ ।

**परिच्छेद ५**

१) तरकारी खेति पकेट क्षेत्र विस्तार कार्यक्रम

क) १.१ ८० % छुटमा ६×१८ वर्ग मि. को प्लास्टिक टनेलको लागि प्लास्टिक वितरण कार्यक्रम

ख) यस कार्यक्रम को उद्देश्य .

ग) तरकारी खेति गर्ने किसानको लागि व्यवसायिक वनाउने .

घ) तरकारी खेतिबाट आयर्जान बृद्दि गराउने .

ङ) जिल्लाको आन्तरिक बजारमा तरकारीको पहुँच बढाउने .

च) मौसमी वा वेमौसमी तरकारी खेति गरि जिल्ला वाहिर निर्यात गरि आम्दानि बढाउने .

१.१) कार्यक्रम बाट प्रतिफल

क) कृषकहरुको आर्थिक स्थर माथि उठाउने .

ख) जिल्लाको तरकारी माग लाई परिपूर्ति गर्ने,

ग) अन्य जिल्ला बाट आयतित तरकारीलाई निरुत्साहित गर्ने,

१.११) रणनीति :

क) वडामा कार्यरत कृषि प्राविधिक कर्मचारीहरु बाट पकेट क्षेत्र निर्धारण / पकेटमा छनौट हुने कृषक हरुको सुची तयार गर्ने,

ख) पकेट क्षेत्र भित्र पर्ने कृषकहरुले कम्तिमा ५ रोपनी बराबरको पकेट बनाउनु पर्दछ ।

ग) पलेट भित्रक कृषकहरु बाट आफुले तरकारी खेति गरिने जग्गाको क्षेत्रफल सहितको निबेदन पेश गर्न पर्नेछ ।

घ) पलेट क्षेत्र भित्रको खेति बिक्रि वितरणको लागि संकलन तथा बिक्रि हाट बजार व्यवस्था गर्ने,

१.१२) अनुदान प्रवाह बिधि

क) आर्थिक विकाश समितिले पलेट भित्रबाट पर्न आएका निवेदन माथि छानबिन गरि पकेट छनौट गर्नेछ ।

ख) वडा समितिले छनौट गरि पठाइएका कृषक, कृषक समूह, सहकारी संस्थालाई मात्र समावेश गरिनेछ ।

ग) पलेट क्षेत्र भित्र अनुदानमा वितरण गरिने कृषि सामग्री तथा सेवा हरुको वितरण अनुसुची १ मा भए अनुसार गरिने छ ।

१.२) ५०% छुट मा प्लास्टिक स्प्रे वितरण कार्यक्रम

तरकारी पकेट क्षेत्र भित्र तरकारी वालीमा देखिने रोग किरा नियन्त्रण को लागि ५०% छुट मा खरिद गरि वितरण गरिनेछ ।

१.३) जैविक विषादी ल्युर ट्र्याप वितरण कार्यक्रम

क) कृषकले लगायको तरकारी बालीमा लाग्ने किरा तथा रोग नियन्त्रण को लागि तरकारी पकेट क्षेत्र भित्र वा अन्य तरकारी खेति गर्ने व्यवसायिक कृषकलाई आवस्यकताहेरी वितरण गरिने छ ।

ख) त्यस बाट रासायनिक विषादी लाई न्यूनीकरण गर्दै वाताबरणमा विषादी बाट हुने नकारात्मक प्रभाव लाई सन्तुलित गर्दै लगिने छ ।

१.४) ५० % अनुदानमा क्यारेट वितरण कार्यक्रम

क) तरकारी पकेट क्षेत्र भित्र का कृषक हरुले उत्पादान गरेको तरकारीलाई कम क्षतिहुने गरि बजारसम्म पुराउने,

ख) किसान हरुले ढुवानी गर्नको लागि सहज गराउने,

१.५) कार्यक्रम संचालन बिधि :

क) प्युठान नगरपालिका कृषि शाखा बाट ५०% र कृषक बाट ५०% गरि सामाग्रीहरु खरीद् गरिने छ ।

ख) ढुवानी कार्यक्रममा छुट्याइएको रकम बाट नगरपालिकाको स्वीकृत दररेट अनुसार गरिनेछ .

ग) अनुदानमा वितरण गरिने सम्पूर्ण सामग्री हरु कृषि संकलन केन्द्र तथा तरकारी बिक्रेताहरु र व्यवसायिक तरकारी खेति गर्ने कृषकहरुको माग अनुसार वितरण गरिने छ ।

२) खाद्यान्नवाली गुणस्तरीय बिउ उत्पादन कार्यहरु ५०% अनुदान कार्यक्रम

क) धानको मूल बिउ वितरण १० हेक्टर

ख) आगामी वर्षको लागि बिउ उत्पादन गर्ने हिसाबले नगर पालिकाक्षेत्र भित्र ५०% अनुदानमा धानको मूल बिउ वितरण गर्ने

२.१) उदेश्य

क) विउ को अभाव घटाउने

ख) प्यू.न.पा. लाई आत्मनिर्भर बनाउने

ग) उत्पादन र उत्पादकत्व बृद्दि गर्ने

२.११) रणनीति :

क) धानको मूल बिउ वितरण गर्ने खस ठाउमा बिउ उत्पादन पकेट बनाई कृषक हरुलाई ५०% अनुदानमा बिउ वितरण गर्ने

ख) उत्पादित जातको बिउ संकलन गरि कृषक लाई वितरण गर्ने १० हेक्टर जमिन मा बिउ उत्पादन गरिने छ

ग) मुल्यमा एकरुपता कायम गर्न बिउ उत्पादन गर्ने कृषक हरुलाई बैठक बोलाईने छ ।

२.२) मकै को मूल बिउ वितरण ६० हे।

क) प्यू.न.पा को सबै जस्तो स्थानमा हिउदे, बसन्ते र बर्षे मकै खेति गरिने छ ।

ख) यस वर्ष ६० हे जमिनमा मूल बिउ वितरण गरि बिउ उत्पादन गरिनेछ ।

२.२१) उदेश्य :

क) हिउदे र बसन्ते मकै उत्पादन गर्दा बालीले उचित मुल्य पाउने छ ।

ख) खाद्यान्न र दानाको रुपमा मकै बालि उत्पादन गर्दा कृषकलाई फाइदा पुग्ने छ ।

२.२२) रणनीति :

क) मकैको मूल बिउ २०५ अनुदान मा ६०हे मा खेति गरिने छ ।

ख) बिउ उत्पादन पकेट क्षेत्र निर्धारण गरिने छ ।

ग) उत्पादित मकै को बिउ आगामी वर्षको लागि स्थानीय स्थरमई बिउ को रुपमा प्रयोग गरिने छ ।

२.२३) गहुँ को मूल बिउ वितरण ११ हे।

क) आगामी वर्षको लागि बिउ उत्पादन गर्ने हिसाबले नगर पालिकाक्षेत्र भित्र ५०% अनुदानमा गहुँको मूल बिउ वितरण गर्ने,

२.२४) उदेश्य

क) विउ को अभाव घटाउने,

ख) प्यू.न.पा. लाई आत्मनिर्भर बनाउने,

ग) उत्पादन र उत्पादकत्व बृद्दि गर्ने,

२.२५) रणनीति :

क) गहुँको मूल बिउ वितरण गर्ने खस ठाउमा बिउ उत्पादन पकेट बनाई कृषक हरुलाई ५०% अनुदानमा बिउ वितरण गर्ने,





ख) उत्पादित जातको बिउ संकलन गरि कृषक लाई वितरण गर्नर्न १० हेक्टर जमिनमा बिउ उत्पादन गरिने छ ।

ग) मुल्यमा एकरुपता कायम गर्न बिउ उत्पादन गर्ने कृषक हरुलाई बैठक बोलाईने छ ।

) अन्तर जिल्ला भ्रमण कृषक / पदाधिकारी

क) जिल्ला भन्दा बाहिर कृषक, प्राबिधिक र पदाधिकारीहरु को टोलीलाई ५ दिने सरकारी तथा व्यक्तिगत फर्म, अनुसन्धान केन्द्र तथा सहकारी हरुको

ख) कृषि सम्बन्धि गतिबिधि अवलोकन गर्न भ्रमण गराईने छ ।

.१) उदेश्य

क) नयाँ तथा नबिन प्रबिधि हरुको जानकारी लिई किसान, प्राबिधिक हरुको ज्ञान सिप तथा धारणामा परिवर्तन ल्याउने

३) योजना तर्जुमा गोष्ठी

क) आगामी वर्षको प्रस्तावित कार्यहरु वनाउन सहयोग मिल्ने र चालु आ.व. मा भएगरेको कमि कमजोरीहरुलाई सच्याउन यस गोष्ठीले मदत गर्ने छ . यस गोष्ठीमा नगर प्रमुख , उप प्रमुख, प्रमुक प्रशासकीय अधिकृत , वडा अध्यक्ष, व्यवसायिक कृषक तथा कृषि प्राबिधिकहरुको उपस्थिति रहने छ

ख) उक्त गोष्ठी चालु आ.व को दोश्रो चौमासिकमा छुट्याइएको बजेटको आधिनमा रहेर सम्पन्न गरिने छ ।

५) मौरी विकाश कार्यक्रम

क) ५० % अनुदान मा उन्नत मौरी घर वितरण कार्यक्रम

५.१) कार्यक्रम संचालन प्रकृया

क) प्युठान नगरपालिका कृषि शांखा वाट कार्यक्रमको प्रकृया पुर्याई उन्नत मौरी घार खरिद गरि ल्याइने छ ।

ख) व्यवसायिक कृषकहरु लाई कम्तिमा ५ देखी १० घार सम्म उन्नत मौरी घारको लागि ३० दिने सुचना प्रकाशित गरिने छ ।

ग) उक्त समय भित्र वडा बाट छनौट भइ आएका निबेदनहरु लाई आर्थिक समितिको बैठक बाट अन्तिम छनौट गरिने छ ।

घ) छनौट भएका मौरीपालक कृषकहरुलाई ५०% भुक्तानी लिई मौरी घार उपलब्ध गराईने छ ।

५.११) उदेश्य :

क) मौरी को क्षेत्र विस्तार गर्ने

ख) मुडे घार मा रहेको मौरी हरुलाई उन्नत घारमा सारी बढी मह उत्पादन गरिने छ ।

ग) उन्नत घार मा रहेका मौरी हरुलाई चरन क्षेत्रको पहिचान गरि मह उत्पादन मा वृद्धि ल्याउन उक्त क्षेत्र मा चरनको लागि लगिने छ

घ) मौरीको संख्या बढी भएमा गोला बिभाजन गरि घार संख्या बढाउन

ङ) मौरीको संख्या कम भए वा एक घार को रानो मरेमा गोला समायोजन गरि घार बलियो बनाउन

च) अनावस्यक रुपमा बढी रानु उत्पदान भए रानु हटाउन सकिने

छ) रानुलाई रोग लागे वा उत्पादन कम दिन लागेमा त्यस रनुलाई हटाइ नया रानु राख्न सकिने छ ।

६) गोब्रे च्याउ:

क) प्यूठान नगरपालिका भित्र हाल सम्म खेति गरिने आएको कन्ये च्याउ लाई परिमार्जन गरि यस वर्ष मा एक गोब्रे च्याउ उत्पादन प्रदर्शन गरिने छ ।

ख) नगर कार्यालयको आसपास को क्षेत्रमा प्रदर्सनको लागि कृषक छनौट गरि प्रदर्सनी को लागि आवस्यक पर्ने विभिन्न सामग्री हरु उपलब्ध गराई प्राविधिकको रेखदेखमा प्रदर्शन सम्पन्न गरिने छ ।

६.११) च्याउ उत्पादन टहरा निर्माण तथा उत्पादन सामग्री वितरण

क) प्यूठान नगर पालिका क्षेत्र भित्रका वडाहरुमा बिगत केहि वर्ष पहिले देखि च्याउ खेति गरिदै आएको छ . च्याउ खेतीमा कृषकहरुको आकर्षण बढ्दै गएकोले यस वर्ष व्यवसायिक च्याउ खेतीमा कृषकहरुलाई प्रत्शाहित गर्ने प्रत्येक वडा मा सामग्री सहित को एक टहरा निर्माण गरिने छ ।

६.१२) कार्यक्रम संचालन बिधि :

क) टहरा निर्माण को लागि आवस्यक प्लास्टिक तथा अन्य सामग्रीहरु शुचिकृत एग्रोभेटहरुबाट दरभाउ माग गरि न्युन दरभाउ पेश गर्ने एग्रोभेटबाट खरिद गरि कृषक हरुलाई उपलब्ध गराईने छ ।

ख) वडाको सिफारिसमा माग संकलन गरिने छ ।

ग) माग उपर छानबिन गरि श्रोत उपलब्ध गराईने छ ।

घ) छनौटको अन्तिम किनारा आर्थिक विकाश समितिले गर्ने छ ।

६.१३) उद्श्ये :

क) च्याउ खेतिमा व्यवसायिता बढाउने छ ।

ख) वर्ष भरि च्याउ उत्पादनमा जोड दिईने छ ।

ग) कृषकको आय स्थरमा बृद्दि हुने छ ।

घ) रोजगारीको सृजना हुने छ ।

६.१४) रणनीति :



क) प्रत्येक वडाहरुमा वडा कार्यालयको सिफारिसमा सामग्री सहित टहरा निर्माण हुने छ ।

ख) प्रति टहराको लागि रु ३०,०००/- को सामग्री उपलब्ध गराईने छ ।

ग) अनुगमनलाई पहिलो प्राथमिकतामा राखिने छ ।

७) तालिम तथा गोष्टि कार्यक्रम :

७.११) स्थलगत तालिम कार्यक्रम

क) यस प्यूठान नगर पालिका भित्र का वडा हरुमा कृषि कार्य संचालन गरिएका पकेट हरु जस्तै (तरकारी बालि, खाद्यान्न बालि मसला बालि फलफुल बालि मौरीपालन ) गर्ने पकेट भित्र का वा व्यवसायिक कृषक हरुलाई सम्बन्धित क्षेत्र भित्रमा आफुले संचालन गर्न बालीमा दक्ष बनाई बढी उत्पादन लिई आयआर्जान लिन आफुले संचालन गरेको व्यवसायमा लाग्ने रुग किरा हरुको पहिचान गरि त्यसको रोक थाम गर्न सकिने बने बढी उत्पादन लिने बनाउने यसको मुख्य उद्श्य हो ।

७.१२) कार्यक्रम संचालन बिधि :

क) कुनै पनि विषय तालिम संचालन गर्दा कृषक संख्या २५ देखि ३० जाना सहभागी गराईने छ ।

ख) तालिममा सहभागी कृषकलाई खाजा खर्च बाफत रु २०० सम्म खर्च गरिने छ ।

ग) तालिममा समभागी कृषक लाई स्टेसनरी वाफत रु १०० रुपैयाँ बराबरको दिईने छ ।

घ) सहभागी कृषक हरुलाई प्रति कृषक खान तथा यातायात खर्च वाफत रु ५०० देखि ७०० सम्म दिईने छ ।

ङ) तालिम संचालन गर्दा प्रशिक्षकलाई प्रति शेसन रु १००० भत्ता दिईने छ

च) तालिम संचालन व्यवस्थापन खर्च बाफत रु १००० देखि रु २५०० सम्म खर्च गर्न सकिने छ (तालिम को दिन अनुसार खर्च लेखिने छ ।

छ) तालिम संचालन गर्दा सहयोगी खर्च बाफत दिन को रु ५०० सम्म दिन सकिने छ ।

ज) तालिम संचालन गर्दा ठाउँ र सुबिधा हेरी हल भाडा वाफत रु ५०० देखि रु १५०० सम्म खर्च गर्न सकिने छ ।

झ) तालिम संचालन हुदा प्रत्येक दिन चार सेसन सम्म हुने छ ।

ञ) ७.१३) उपलब्धि :

ट) यस कार्यक्रम बाट कृषक व्यवसायिक बन्ने छन् आफुले गरेको व्यवसायमा पूर्ण रेख देख रोग किरा पहिचान गरि व्यवस्थापन गर्न सक्ने हुने छन् ।

ठ) कृषि पेशा बाट आम्दानी लिई जीवन स्तर माथि उठाउने छन् ।

८) मसला बाली उत्पादन कार्यक्रम :

८.१) अदुवा बिउ ५०% अनुदान मा वितरण गर्ने कार्यक्रम

क) बहु प्रसिद्ध मसला बालि अदुवा यस जिल्लामा प्राय सबैजसो कृषक हरुले खेति गर्ने गरेता पनि यसको व्यवसायिक खेति नगरिएको अवस्थामा व्यवसायिकरण गर्न, आगामी वर्षको लागि आदुवाको बिउ उत्पादन गर्न पकेट क्षेत्रको छनौट गरि ७५% अनुदानमा अदुवाको बिउ वितरण गरिने छ ।

८.२) बेसार हल्दी बिउ ५०% अनुदान मा बितरण गर्ने कार्यक्रम

क) प्यूठान नगरपालिकाको उपल्लो वस्तीहरु मा खाद्यान्न बालि नहुने ठाउँमा पनि उत्पादन लिन सकिने र जिल्ला मा अन्य जिल्ला बाट बेसार आयात बढी हुने भएकोले हलेदो उत्पादन क्षेत्र विस्तार गर्ने पकेटको रुपमा हलेदो खेति गराई बेसार आयातलाई न्यूनीकरण गर्न ७५% अनुदानमा बिउ खरिद गरि विस्तार गर्ने,

८.३) प्याजको बिउ वितरण :

क) प्यूठान नगरपालिकाको सिंचाई सुविधा भएको तल्लो भेग मा प्याज को कम्तिमा ५ रोपनीको पकेट बनाई किसान तथा सहकारी मार्फत नमुनाको रुपमा उत्पादन गरि आगामी वर्षमा बन्न लागेको कोल्ड स्टोरको सदुपयोग हुने र आयातलाई विस्थापित गर्ने गरि ,प्याज को बिउ खरिद गरि बिउ वितरण गरिने छ ।

८.४) प्रतिफल :

क) यस कार्यक्रम बाट आगामी वर्ष हरुमा प्याज को खेति तथा उत्पादन वृद्दि भई बेमौसममा बाहिर जिल्ला मा समेत निकाश गरि कृषकको आय आर्जनमा वृद्दि हुने छ ।

८.५) लसुनको बिउ वितरण कार्यक्रम

क) यस प्यूठान नगरपालिकामा लसुन खेति निर्वाह मुखी को रुपमा गरिने र पछि बाहिरबाट महँगो भाउमा खरिद गरेर मसलाको रुपमा प्रोयग हुने भएकोले यस वर्ष प्यूठान नगरपालिकाले लसुन उत्पादनको पकेट सम्भाव्य ठाउमा पकेटको बिस्तारै परिपूर्ति गर्नको लैगि स्थानीय जातको लसुनको बिउ खरिद गरि ३ देखि ४ ओटा पकेटमा विउ वितरण गरिने छ र पकेटमा कृषक हरुको निबेदन आव्हान गरि प्यूठान नगरपालिकाको आर्थिक साखा बाट पकेट छनौट गरिनेछ ।

९) ५०% अनुदानमा आँप, लिचि वितरण कार्यक्रम

क) यस प्यूठान नगरपालिका भीत्र का कृषक हरुलाई प्रति कृषक कम्तिमा २ फलफुल बिरुवा लगाउने सरकारको नीति अनुरुप यस नगरपालिकाको





तल्लो भेगमा आँप , लिची उत्पादन हुने र वगैचा कार्यक्रम नपरेको कृषक लाई कृषकको माग अनुसार ५०% अनुदानमा आँप, लिची का विरुवा उपलब्ध गराइने छ

१०) ५०% अनुदानमा (सुन्तला, कागती, मौसमी) विरुवा वितरण कार्यक्रम :

क) यस कार्यक्रम अन्तर्गात तल्लो भेग मा प्रति घर १ कागती र उपल्लो भेगमा कागती सुन्तला जुनार फलफूलका बिरुवा लगाई फलफुल खाने बानि बसाल्न र आम्दानि समेत लिने उद्दश्येले कृषक को माग को आधारमा ५०% अनुदानमा कम्तिमा १/१ बिरुवा वितरण गर्दै लैजान सुरुवात गर्ने , बिरुवा खरिद गरि ढुवानी गराई खरिद मुल्यमा ५०% अनुदानमा वितरण गरिने छ ।

१०.१) सुन्तला जात सदाबहार फलफुल विकाश कार्यक्रम (बगैचा स्थापना/सुधार)

क) सुन्तला जात (कागती, मौसम, सुन्तला ) खेति गर्ने किसानका लागी प्यूठान नगरपालिकाको प्राय सबै वडाहरुमा उपल्लो भाग मा सुन्तला जात फलफुल को सम्भावना रहेको छ . यस फलफुल खेति लाई प्रोत्सहान गरेमा किसान हरुका लागि एउटा बलियो आय अर्जान को स्रोत बन्न सक्छ । चालु आ.व मा प्यूठान नगरपालिकाले बनाउन लागेको १०० मे. टन को सित भण्डार उपयोग गरि बेमौसममा फल फुल बिक्रि बाट किसानले मनग्य आम्दानि लिन सक्छन ।

ख) सुन्तला जातको नर्सरी निर्माण बेर्ना बिक्रि वितरण पनि यस कार्यक्रमको अर्को स्रोतको रुपमा रहेको छ ।

१०.११) उद्श्ये

क) सुन्तला जात फलफुल उत्पादनमा बृद्दि गर्ने ।

ख) व्यवसायिक क्फलफुल खेतिमा जोड दिने ।

ग) कृषक क आय स्थर मा बृद्दि ल्याउने ।

१०.१२) रणनीति : क

क) फल फुल खेति पकेट क्षेत्र निर्धारण गरिने छ ।

ख) कम्तिमा १५० बोट सुन्तला जात फलफुल लगाउने कृषक लाई आवस्यक पर्ने औजार उपकरण विषादी ,स्प्रे सिंचाईको लागि ज्नए पिपे मा.प्रति बगैचाकालागी रु ३१,२५० बराबरको सामग्री उपलब्ध गराईने छ ।

१०.१३) छनौट प्रकृया

क) सुचना प्रकासन गरि माग संकलन गरिने छ ।

ख) बगैचा सुधारको हकमा कम्तिमा ५० गोटा बोट फलफुल लगाएको हुनु पर्दछ ।

ग) अनुगमनको रिपोर्टको आधारमा चौत गरिने छ ।

घ) छनौट गर्दा आर्थिक विकाश समितिको निर्णय हुनु पर्दछ ।

१०.२) आँप,लिचि बगैचा स्थापना / सुधार

क) प्यूठान नगरपालिकाको १० वटै वडा हरुमा सदाबहार फलफुल आँप , लिची सम्भावना राम्रो छ जिल्ल बाहिर बाट आयात गरिने फलफुल लाई निरुत्साहित गरिने छ ।

१०.२१) उद्श्ये

क) सदाबहार फलफुल आँप, लिची लाई बगैचाको रुप मा खेति गर्न प्रोत्साहित गरिने छ ।

ख) पाखो जग्गाको सदुपयोग गरिनेछ ।

ग) कृषकको आय अर्जन मा बृद्दि गरिने छ ।

१०.२२) रणनीति :

क) प्यूठान को तल्लो भाग, तटीय क्षेत्रमा फलफुल खेति गर्न तर्फ कृषक हरुलाई आकर्षण गरिने छ . फलफुल उत्पादन गरि फलफुल आयतलाई न्यूनीकरण गरिने छ . ५० बोट आँप लिची खेति गर्न चाहाने कृषक हरुको लागि बगैचा स्थापनाका सामग्री हरुलाई उपलब्ध गराउन प्रति बगैचाका लागि रु २५०० अनुदान सहयोग गरिने छ ।

१०.२३) छनौट प्रकृया

क) प्रबाह गरि माग संकलन गरिने छ ।

ख) बगैचा सुधारको लागि प्रति बगैचा २० बोट हुनु पर्दछ ।

ग) अनुदानको रिपोर्ट को आधारमा छनौट गरिने छ ।

घ) छनौट गर्दा आर्थिक विकाश समितिको निर्णय अन्तिम निर्णय हुनेछ ।

१०.२४) समस्या निधान अभियान :

क) खस गरि बगैचाको रुपमा रहेको सुन्तला जात फलफुल क्षेत्रको अनुगमन गरि त्यहाँ देखा परेका समस्या हरुलाई निराकरण गर्ने यो अभियान संचालन गरिने छ ।

ख) त्यसका लागि प्राबिधिक टोलि समेत भएको अभियानमा आरी सिकेचर चुना निलोतुथो निसुल्क बितरण गरिने छ ।





१०.२५) प्रतिफल

क) यस बाट फलफुल बालीको उत्पादनमा गुणस्तर बढ्ने छ । फलफूलको उत्पादन बढ्ने छ । बजारमा फलफूलको आपूर्ति सहज हुने छ ।

११) वाली संरक्षण सेवा

क) कुनै पनि वाली उत्पादनमा बालि लगाए देखि वाली नभित्राउन्जेल सम्म गरिने बालि संरक्षणको महत्व निकै ठूलो छ हाल जल वायु परिवर्तनका कारण कृषकको खेति प्रणालीमा विभिन्न रोग तथा किरा हरुको प्रकोप बढ्दै गएको छ .अत यस कार्यक्रम अन्तर्गत किसान हरुलाई वाली संरक्षण सेवा पर्दान गरि राहत पुर्याउने यसको मुख्य लक्ष हो .

११.१) उद्श्ये :

क) रोग किराको पहिचान गरि उचित समयमा उचित व्यवस्थापन गरिने छ ।

ख) बालि उत्पादनमा बृद्दि ल्याइने छ ।

ग) जैविक विषादीको प्रयोगमा जोड दिई रासायनिक बिषादीको प्रयोग लाई न्यूनीकरण गरिनेछ ।

घ) समय अनुसार वर्ष भरिमा ३ पटक गरि बाली संरक्षण सेवा पुराउने छ ।

११.२) बाली उपचार शिबिर

क) प्यूठान नगरपालिका भित्र लगायका बालीहरुमा देखा पर्ने समस्या लाई मध्य नजर गरि बढी समस्या ग्रस्त क्षेत्रको पहिचान गरि वर्षमा २ पटक वाली उपचार शिविर उत्पादन स्थलमा गई विशेष सेवा पुराउने छ जसमा उपचारका सबै बिधि अपनाईने छ ।

१२) आलु वाली विकास आयोजा

१२.१) टि.पी.यस विया वितरण कार्यक्रम

क) यस कार्यक्रममा प्यूठान नगरपालिका भित्र आलु वाली उत्पादन राम्रो हुने र आलु बिउ वाहिर बाट खरिद गरि ल्याउन समस्याको समाधान को लागि यस प्यूठान नगरपालिकाको कृषि शाखा तर्फको कार्यक्रममा टि.पी.यस विया वाट आलुको विउ उत्पादन गरि आगामी वर्षको लाई आलुको विउ वाहिरवाट आउने समस्यालाई केहि परिपूर्ति गर्नका लागि आलु बियाँ बाट आलुको बिउ उत्पादन गरि एस नगरपालिका भित्र बन्न लागेको कोल्ड स्टोरमा स्टोरे गरि कृषकलाई वितरण गरिने छ ।

१२.११) उद्देश्य

क) आलु बीउको समस्यालाई समाधान गर्ने ।

ख) ढुवानिको लागी हुने खर्चको बचत हुने ।

ग) नगरपालिमा बन्न लागेको कोल्ड स्टोरको सदुपयोग हुने ।

घ) कृषकहरुलाई सहजै आलुको वीउ उपलब्ध हुने ।

ङ) कृषकहरुले आफैले उत्पादन गरेको आलुको वीउ कोल्ड स्टोरमा राखि आफ्नो लागी वीउ उत्पादन गर्न सक्ने छन् ।

१२.१२) कार्यकम संचालन प्रभाह विधि

क) प्यूठान नगरपालिका कृषि शाखा वाट आलु वीउ अनुसन्धान केन्द्रहरुमा उत्पादन भएको टि.पि.यस बियाँ खरीद गरी ल्याइने छ ।

ख) यस प्यूठान नगरपालिका भित्र आलु उत्पादन पकेटहरुका कृषकहरु छनोट गरी आलु वीउ दान उत्पादन गरिने छ । वीउ दाना उत्पादन कृषकलाई टि.पि.यस दाना र प्रविधिक सहयोग दिईने छ ।

ग) उत्पादन गरेको आलुको वीउ खायनमा प्रयोग गर्न पाइने छैन ।

१२.२) प्रि.वि.यस आलुदाना वितरण कार्यक्रम

१२.२१) कार्यकम संचालन विधि

क) प्यूठान नगरपालिका अन्तरगतको कृषि शाखाका प्रविधिकहरुले आलु विकाश महाशाखा खुमलटार वाट ५-१० ग्राम सम्मका प्रि.बि.यस दाना खरीद गरी ल्याइने छ ।

ख) आलुको पकेट क्षेत्र छनोट गरी कृषि प्रविधिकको रेखदेखमा कृषकहरुलाई प्रि.बि.यस दाना वाट वीउ उत्पादन गर्न लगाइने छ ।

ग) उक्त उत्पादन वीउ लाई वीउको रुपमा मात्र प्रयोग गर्न लगाइने छ ।

१२.२२) उद्देश्य

क) प्रि.बि.यस दाना वाट उत्पादीत आलुको वीउ छ पुस्था सम्म वीउको रुपमा लगाउदा राम्रो उत्पादन दिन्छ ।

ख) यस दाना वाट उत्पादित आलुको वीउले छ पुस्था सम्म वीउको रुपमा प्रयोग गर्दा नगरपालिका भरी यस वीउले आलु वीउको परिपुर्ति गर्न सक्छ ।

ग) यो वीउ लगाएको आलुवालिमा रोगको प्रकोप कमी देखिन्छ।

घ) बजार वाट खरिद गरी लगाइएको वीउ भन्दा यस वीउ वाट बढी उत्पादन ल्याउन सकिन्छ ।

१३) साना सिंचाई :

क) प्यूठान नगरपालिका भित्र ठुला सिंचाई आयोजनाले समेट्न नसकेका आयोजनाहरु जस्तै सानो कुलो मर्मत , प्लास्टिक पोखरी, पक्कि





पोखरी, एकल लिफ्ट सिंचाई आदि लाई प्रोत्साहन गरि निम्न आय भएका कृषकहरुको जमिनको सिंचित क्षेत्रफलमा वृद्धि गरि उत्पादनमा बढावा दिन साना संचाई कार्यक्रम संचालन गरिने छ

१३.१) उद्श्य :

क) नगरपालिका भित्र सिंचाईको अभावमा बाँझो रहेका खेतीयोग्य जमिनमा सिंचाई को व्यवस्था गर्ने

ख) गरिव तथा मध्यम कृषिकहरुलाई व्यवसायिक कृषि तथा तरकारी खेति तर्फ प्रोत्साहन गर्ने

ग) सिंचाई सुबिधा नभएको ठाउँहरुमा वर्षा तथा खेरा गाही रहेको पानि सदुपयोग गर्ने गरि प्लास्टिक पोखरी, पक्कि पोखरी तथा पाइप हरुको व्यवस्था गरि सिंचाई को सुविधा पुर्याउने

१३.२) कार्यक्रम संचालन प्रभाह विधि

क) छनौटका आधारहरु देहाय वमोजिम हुने छन ।

ख) तरकारी खेति तथा व्यवसायिक कृषि गर्दै आएका कृषकहरु ।

ग) व्यवसायिक कृषकको हकमा व्यक्तिगत फर्म र सिमान्तकृत कृषकहरुका लागि समुह तथा सहकारी मार्फत संचालन गरिने ।

घ) फर्मको रुपमा व्यवसाय संचालन गर्नेहरुलाई प्रोत्साहित गरीने ।

ङ) निवेदन माग गर्ने सूचना

च) यस प्य"ठान नग/पापलिका वाट यस कार्यविधि वमोजिम साना सिंचाई अनुदान लिन चाहने कृषक,उपभोक्ता, समुह, सहकारीहरुका लागि निवेदन माग सम्वन्धि सुचना प्रवाह गरीने छ ।

१३.३) आवेदन

क) साना सिंचाई अनुदान लिन चाहाना गर्ने कृषक, समुह, सहकारी र उपभोक्ताहरुले प्यूठान नगरपालिकाको कृषि शाखावाट उपलव्ध गराईएको अनुसुचि ५ वमोजिमको ढाचाको निवेदन ।

ख) अनुसुचि-६ अनुसारको आवेदन फारम

ग) सम्वन्धित वडा कार्यालयको सिफारिसमा पत्र ।

घ) समूह र फर्म दर्ता प्रमाणपत्रको प्रतिलापी

ङ) समूह सहकारीको हकमा अनुदान माग सम्बन्धि निर्णयको प्रतिलिपि

च) समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि

छ) आयोजना स्थलको फोटो

ज) समुहले अनुदान माग गर्न अख्तियारि दिएको व्यक्ति सम्बन्धि गरेको निर्णय

झ) सिंचाई गरिने जग्गाको लालपूर्जाको छायाँ कपी तथा जग्गा भाडाँमा लिने भए कम्तिमा ५ वर्ष सम्मका लागि भाडा लिएको सम्बन्धि कागजात ।

१३.४) अनुदान प्रवाह विधि

अनुदान प्रवाह देहाय वमोजिम हुने छ ।

क) आर्थिक विकाश समिति वाट छनौट भएका आयोजनाहरुलाई प्राथमिकताको आधारमा अनुदान प्रवाह गरिने छ ।

ख) साना सिंचाई कार्यक्रमको लागि छनौट भएका आयोजना हरुलाई अधिकतम १,५०,०००/- सम्ममा नबढ्ने हुने गरि अनुदान प्रवाह गरिने छ । यसरी अनुदान रकम प्रवाह गर्दा कम्तिमा कुल लागतको २०% वरावरको रकम कृषक समुह सहकारी तथा उपभोक्तावाट लगानी गर्नु पर्ने छ।

ग) आयोजना संचालन गर्नु अगावै सम्वन्धित सरोकारवाला र प्यूठान नगरपालिका विच प्यूठान नगरपालिकाको योजना पुस्तिका अनुसार सम्झौता गरीने छ ।

१३.५) अनुगमन तथा निरीक्षण

क) प्यूठान नगरपालिका कार्यापालिका सदस्यहरु विषयगत समिति तथा सम्वन्धित विषयगत शाखाहरुवाट अनुगमन गरीने छ ।

ख) अनुगमनको सिलसिलामा कार्यक्रम स्किम अनुसार संचालन नभएको पाईएमा प्यूठान नगरपालिका अनुदान रकम दिन वाध्य हुने छैन ।

ग) अनुदान प्राप्त उपभोक्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्तहरु पालना नगरेको पाईएमा अनुदान रकम दुरुपयोग गरेको पाईएमा चालु हालतमा रहेका कृषि यन्त्र उपकरणहरु फिर्ता लगिने छ चालु हालतमा नभएका उपकरणको हकमा हर्जना लिई प्यूठान नगरपालिकालाई उक्त उपकरणहरु आवश्यकता अनुसार अन्यत्र उपलब्ध गराउन सक्ने छ ।

धन्यवाद

अनुसूचि-१

अनुदानमा वितरित गरिने कृषि औजार उपकरणहरुको

खण्ड ३ भाग २ संख्या ३७ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मिति: २०७६/९/२२

| क स | कृषि मेशिन औजार उपकरणको नाम | [illegible] क्षमता आदि | अनुदान रकम प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| १ | रिपर मेशिन धान काटने | | ५० | |
| | मल्टक्रप थ्रेसर | | ५० | |
| २ | धान तथा गहू चुट्ने थ्रेसर | | ५० | |
| ३ | पावर स्प्रेयर | | ५० | |
| ४ | मिनिटिलर | ६- ९ एच पि सम्म एटेचमेन्टहरु सहित तथा सेट सहित | ५० | कम्तिमा २ रोपनी जग्गा हुनु पर्ने । |
| ५ | रोटाभेटर | | ५० | |
| ६ | कल्टिभेटर | | ५० | |
| ७ | डिस्क हेरो | | ५० | |
| ८ | लेभलर | | ५० | |
| ९ | सिड ड्रिल | | ५० | |
| १० | राईस ट्रान्सप्लान्टर सिडलिङ्ग र अन्य सामग्री सहि | | ५० | |
| ११ | कर्न सेलर बिधुतिय | | ५० | |
| १२ | एरिअटर | | ८० | |
| १३ | पेलेट मेशिन | | ५० | |
| १४ | डिजल्भ अक्सिजन मिटर | | ८० | |
| १५ | सुधारिएको हलो | स्थानिय | ८० | |
| १६ | मिल्किङ्ग मेशिन | | ५० | |
| १७ | ह्यालिङ्ग ईक्युबेटर | सानो साईज | ५० | |
| १८ | हाते पंखा | ओसाउने पंखा | ५० | |

अनुसूचि -२)

मिति:

श्रीमान प्यूठान नगरपालिका प्रमुख ज्यू

प्यूठान नग/पालिका नगं/कार्यपालिकाको कार्यलय

बिजुवार,प्यूठान

विषय: सेटमा कृषि उपकरण यन्त्र उपलब्ध गराई पाउँ भन्ने वारे ।

महोदय

मलाई र हामीलाई धान,गहुँ,मकै,तरकारी फलफुल उत्पादन वा अन्य कार्यमा

कृषि यान्त्रिकरण अनुदान परिचालिका कार्यविधि -२०७६ मा रहेर यस गाउँपालिकाले मिति .................. मा यान्त्रिकरण माग सम्वन्धि टाँसँ गरीएको सूचनाको आधार मा यसै साथ संलग्न अनुदानमा पाउने औजार उपकरणहरु सम्वन्धि अनुसूचि -३ अनुसारको फारममा भरी सेटमा कृषि यन्त्र उपकरण अनुदानमा उपलव्ध गराई दिनु हुन लागि यो निवेदन पेश गरेका छु/छौं ।

संलग्न कागजातहरु

१. अनुसूचि -३ अनुसारको अनुदान लिने उपकरणको विस्तृत विवरण ।
२. सम्वन्धित वडा कार्यालयको सिफारिसमा पत्र ।
३. नागरिकताको प्रतिलिपी ।
४. खेति गरीने जग्गाको लालपूर्जाको छायाँ कपी ।
५. मोवाईल नं
६.अनुसूचि ३ अनुसारको प्रतिवद्धता पत्र

निवेदकः
नामः
दस्तखतः
ठेगानाः

अनुसूचि -३

प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान

| पासपोर्ट साईजको फोटो |
|---|

सेटमा यन्त्र उपकरणको अनुदान लिनका लागि उपभोक्ता छनौटका लागि भर्ने फारम
उपभोक्ताको विवरण

१. नामः
२. नागरिकता नं: जारी मितिः
३. संस्था:संस्था दर्ता नःदर्ता निकायः
४. स्थायी ठेगानाः प्यूठान न.पा. वडा नं.: टोलः
५. सम्पर्क व्यक्तिको नाम:पदः मोवाईल नं
६. सदस्य सख्याः महिलाः पुरुषः जम्माः
७. लाभान्वित कृषक सख्याः प्रत्यक्षः अप्रत्यक्षः
८. प्राप्त गर्न चाहेको कृषि यन्त्रको विवरण

८. सेटमा कृषि यन्त्र उपकरण अनुदानमा लिन म, हामी छनौट भएमा अनुदान रकम



प्यूठान नगरपालिका



| क स | यन्त्र उपकरणको नाम | ब्राण्ड | मोडल | हर्षपावर र साईज | मूल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

हिक नगद तिरी कार्यक्रममा संलग्न हुन सहमत छु / छौ । माथि पेश गरेको विवर ठिक साचो छ झुठा भएमा कानुनी कार्यबाहि भएमा राजी छु/छौ । मलाई / मीलाई त्यस नग/पालिका वाट व्यवस्था भए वमोजिमको अनुदानमा उपलव्ध राई दिनु हुन अनुरोध छु/छौ ।

निवेदकको स.:
मिति

मिति-

| संस्थाको छाप |
|---|

अनुसूचि -४

अनुदानमा वितरित कृषि यन्त्र उपकरण खरिद संचालन मर्मत संभार सम्वन्धि प्यूठान नग/पालिका र कृषक समुह, सहकारी र उपभोक्ता विच गरिने सम्झौता पत्र

प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यलय विजुवार प्यूठान (यस पछि लिखितमा जसलाई प्रथम पक्ष भनिने) .......................कृषक,समुह,सहकारी तथा उपभोक्ता समिति विच (यस पछि लिखितमा जसलाई दोश्रो पक्ष भनिने) ५० प्रतिशत अनुदानमा दिईने कृषि औजार उपकरणको खरिद,संचालन,मरम्मत संभार सम्वन्धि तपसिलका शर्तहरुमा पालना गर्ने गरी दुई पक्ष विच सहमति भई आज मिति २०७६/ / गतेका दिन यो सम्झौता पत्रमा हस्ताक्षर गरीयो ।

सम्झौताका शर्तहरु

१. कृषि औजार उपकरण अन्तरगत .....................का लागि यस प्यूठान नगरपालिकले उक्त औजारको परल मूल्यको ५० प्रतिशतले हुन आउने रकम रु. अक्षेरुपि...........................सम्म अनुदान दिने र सोहि रकम वरावराको रकम रु....................अक्षेरुपि ..........................श्री............................. कृषक,समुह,सहकारी तथा उपभोक्ताले व्यहोर्नु पर्ने छ ।

२. कृषि औजार ..................प्राप्त भए पछि आम्दानी वाधि आम्दानी वाधेको

जिन्सि रेकर्ड (संस्थाको हकमा) प्य"ठान नग/पालिका कृषि शाखामा बुझाउनु पर्ने छ ।

३. कृषि औजार उपकरणहरु प्राप्त भए पछि सो को मर्मत संभार स्वयंले दोश्रो पक्षले नै गर्नु पर्ने छ ।

४.अनुदानको कृषि औजार उपकरणहरु................ लिई सके पछि कृषक, समुह सहकारी तथा उपभोक्ताले ५ वर्ष सम्म विक्रि वितरण गर्न पाईने छैन, विक्रि वितरण गरेको पाईएमा अनुदान रकम फिर्ता गर्नु पर्ने छ ।

५.यस लिखितमा लेखिएका शर्तहरु यसै वमोजिम र लिखित उल्लेख नभएका कुराहरुमा नेपाल सरकारको ऐन कानुन बमोजिम हुने छ ।

सम्झौतामा सहि छाप गर्ने

| प्रथम पक्षको तर्फवाट | दोश्रो पक्षको तर्फवाट |
|---|---|
| नामः | नामः |
| पदः प्रमुख प्रशासकिय अधिकृत | पदः |
| ठेगानाः प्यूठान नगरपालिका | ठेगानाः |
| नगरकार्यपालिकाको प्यूठान | |

साक्षीहरु प्यूठान नगरपालिका नगरकार्यपालिकाको वडा नं.

नाम : कृषक, कृषक समुह, सहकारि, व्यावसायिक फर्म

पद

नामः

पद

प्यूठान नगरपालिका

कृषि शाखा विजुवार,प्यूठान

अनुसूची ५

मिति :

श्री कृषि शाखा प्रमुख ज्यु





प्यूठान न.पा, बिजुवार प्युठान ।

बिषय : ......................................... ।

महोदय,

प्रस्तुत बिषयमा यस प्यूठान नगरपालिकाको मिति २०७६/०६/०७ को सूचना अनुसार ससर्त अनुदान र प्यूठान नगरपालिकाको कृषि प्रशार कार्यक्रम अन्तर्गत अनुदान तर्फ साना सिंचाई निर्माण, मर्मत संभार तथा प्लास्टिक पोखरी निर्माण गर्ने कार्यक्रम रहेको हुँदा प्यूठान नगरपालिका ...... नं वडा ................................ टोलमा रहेको यस ............................ ...............कृषक समूह / फर्मलाई .................................................. गर्न अनुदान उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

निवेदक

नामः ......................

पदः

फोन नं :

संस्थाको छापः

अनुसूची ६

साना सिंचाई आवेदन

१. आयोजनाको नामः

२. समुह ,फर्म र उपभोक्ता समितिको नाम :

३. लाभाम्बित घर धुरी :

४. लाभाम्बित् जनसंख्या :

५. पानि मुहानको श्रोत :

६. मुहान देखी सिंचित क्षेत्र सम्मको दुरी :

७. अनुमानित लागत स्टमिट :

८. उपभोक्ता द्वारा बेहोर्ने लागत रकम रु :

९. पानिको स्रोतमा विभाद : भएको नभएको

१०. आयोजना देखी माथी या मुनी रहेको आर्को आयोजनाको दुरी :

कृषक समुह ,उपभोक्त समिती तथा फार्मको विवरण



प्यूठान नगरपालिका

**माथी पेश गरीएको सबै बिवरण साँचो हो । झुटा ठहरिए कानुन बमोजिम सहुला बुझाउँला ।**

..........................

**अध्यक्ष**

**संस्थाको छाप**

**आज्ञाले**

**टोपेन्द्र व. वुढा**

**२०७६/९/२२**

प्यूठान नगरपालिका